आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २६ जुलाई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१.प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नीति आयोगको नवौँ गभर्निङ काउन्सिलको बैठकको अध्यक्षता गर्नुहुनेछस

२.सूचना तथा प्रसारण मन्त्रालयले स्याटेलाइट टिभी च्यानलको अपलिंकिङ र डाउन लिङ्किङका लागि नीतिगत निर्देशिका अन्तर्गत ३९३ निजी स्याटेलाइट न्यूज टिभी च्यानललाई अनुमति दिएको छ।

३.सरकारले सबै कार्य स्थलहरुमा अनिवार्य रुपमा मासिक धर्म बिदा को व्यवस्था गर्ने कुनै प्रस्ताव नरहेको जनाएको छ।

४.खरसाङ महकुमा अन्तर्गत घैयाबारीमा आज भूतपूर्व सैनिकहरूद्वारा गठित कारगिल एनजीओद्वारा कारगिल विजय दिवस पालन गरिएको छ स

५.मङ्पुका पत्रकार केशर मोक्तानलाई आज श्रम शक्ति अवार्ड २०२४ द्वारा सम्मानित गरिएको छ।

प्रधानमंत्री नरेन्द्र मोदी -शासी परिषद

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीस्थित राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा नीति आयोगको नवौँ गभर्निङ काउन्सिलको बैठकको अध्यक्षता गर्नुहुनेछ। यस वर्षको बैठकको विषय "विकसित भारत -२०४७" रहेको छ जसमा भारतलाई एक विकसित राष्ट्र बनाउने कुरामा ध्यान केन्द्रित गरिएको छ। बैठकमा विकसित भारत सम्बन्धी भिजन डकुमेन्टको प्रस्ताव पत्रमाथि चर्चा हुनेछ। गभर्निङ काउन्सिलको बैठकको उद्देश्य ग्रामीण तथा शहर दुवैको जनसंख्याको जीवनस्तर सुधार्नको लागी केन्द्र र राज्य सरकारहरूबीच शासन र सहयोगको साझेदारीलाई बढावा दिनु रहेको छ। बैठकमा विकसित भारतको लक्ष्य हासिल गर्न राज्यहरूको भूमिकाबारे पनि विस्तृत चर्चा हुने बताइएको छ ।

****** ० ******

सूचना और प्रसारण मंत्रालय -उपग्रह टीवी

सूचना तथा प्रसारण मन्त्रालयले स्याटेलाइट टिभी च्यानलको अपलिंकिङ र डाउन लिङ्किङका लागि नीतिगत निर्देशिका अन्तर्गत ३९३ निजी स्याटेलाइट न्यूज टिभी च्यानललाई अनुमति दिएको छ। राज्यसभामा एक प्रश्नको जवाफमा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले ३ हजार ७ सय भन्दा अधिक डिजिटल समाचार प्रकाशकहरूले सूचना प्रविधि नियम २०२१ को नियम १८ अन्तर्गत यो जानकारी प्रदान गरेको बताउनु भएको छ।

****** ० ******

सरकार सवैतनिक मासिक धर्म अवकाश

सरकारले सबै कार्य स्थलहरुमा अनिवार्य सवैतनिक मासिक धर्म बिदा को व्यवस्था गर्ने कुनै प्रस्ताव नरहेको जनाएको छ। महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले लोकसभामा आज एक प्रश्नको लिखित जवाफमा उक्त जानकारी दिएकी हुन्। मासिक धर्म स्वच्छता प्रोत्साहन योजना अन्तर्गत सबै किशोरीहरुलाई मान्यता प्राप्त सामाजिक स्वास्थ्य कार्यकर्ता आशाले सहुलियत दरमा स्यानिटरी प्याड उपलब्ध गराइरहेको बताउनु भएको छ । श्रीमती अन्नपूर्णा देवीले भन्नुभएको छ - सरकारले राज्यहरू र केन्द्र शासित प्रदेशहरूमा क्षेत्रीय स्तरका स्वास्थ्य कार्यकर्ताहरू र मासिक धर्म स्वच्छताको लागि सूचनाए शिक्षा र सञ्चार गतिविधिहरू अनुकूलन गर्नका लागि बजेट आवन्टन गर्दछ। प्रधानमन्त्री भारतीय जनऔषधि परियोजनाअन्तर्गत १० हजारभन्दा अधिक जनऔषधि केन्द्रहरूले स्यानिटरी प्याडका साथै अन्य किफायती औषधिहरू पनि उपलब्ध गराइरहेका छन्।

****** ० ******

प्रधानमंत्री नरेंद्र मोदी- विश्व धरोहर

प्रधानमन्त्री नरेन्द्र मोदीले युनेस्कोको विश्व सम्पदा सूचीमा आसामको चराइदेव मोइडम समावेश भएकोमा गर्व तथा प्रसन्नता व्यक्त गर्नुभएको छ । एक ट्वीटमा श्री मोदीले चराइदेव मोइडम गौरवशाली अहोम संस्कृतिको प्रतीक भएको बताउनु भएको छ। उहाँले अब धैरै भन्दा धैरै मानिसहरूले महान् अहोम नियम र संस्कृतिको बारेमा सिक्न सक्ने आशा व्यक्त गर्नुभएको छ । स्मरण गराइन्छ , नयाँ दिल्लीमा सम्पन्न विश्व सम्पदा समितिको बैठकले मोइदामलाई समावेश गर्ने निर्णय सर्वसम्मतिले गरेको हो। मोइदाम सांस्कृतिक सम्पदा श्रेणीबाट पहिलो सांस्कृतिक स्थल हो र उत्तर पूर्वबाट विश्व सम्पदा सूचीमा अंकित हुने तेस्रो समग्र साइट हो।

****** ० ******

**महिला एवं बाल विकास मंत्री अन्नपूर्णा देवी**

महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले प्रधानमन्त्री मातृ वन्दना योजना अन्तर्गत मातृत्व लाभको रकम बढाउने कुनै प्रस्ताव नरहेको लोकसभामा जानकारी दिनुभएको छ । उहाँले बताएनुसार गत महिनाको अन्त्य सम्ममा ३ करोड ९६ लाख भन्दा अधिक लाभग्राहीहरु यस योजना अन्तर्गत सूचीबद्द्द भएका छन्। यो योजना सन् २०१७-१८ मा शुरु गरिएको थियो। सुश्री अन्नपूर्णा देवीका अनुसार, यस अवधिमा ३ करोड ४४ लाख भन्दा अधिक लाभग्राहीलाई प्रसूति लाभ वितरण गरिएको छए जसमा कुल १५ हजार ४०१ करोड रुपैयाँभन्दा अधिक रहेको छ।

****** ० ******

**देश - कैंसर पीड़ित**

देशमा हरेक वर्ष क्यान्सर पीडितहरुको मामिला बढ्दै गएका छन्। इन्डियन काउन्सिल अफ मेडिकल रिसर्च नेसनल क्यान्सर रजिष्ट्री प्रोग्राम अनुसार बर्ष २०२४ मा १५ लाख ३३ हजार ५५ क्यान्सरका मामिला दर्ता भएका थिए भने सन् २०२२ मा १४ लाख ६१ हजार ४२७ दर्ता भएका थिए। लोकसभामा एक प्रश्नको जवाफमा स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री प्रताप राव जाधवले सरकारले जनतालाई सहज र किफायती स्वास्थ्य सेवाए क्यान्सर स्क्रिनिङ र उपचार प्रदान गर्न धैरै महत्वपूर्ण कदम चालेको बताउनु भएको छ। यसमा क्यान्सरविरुद्ध १३१ अनुसूचित सूत्रहरूको अधिकतम मूल्य निर्धारण गर्ने र मन्त्रालयको अधिकार प्राप्त समितिले निर्देशन दिए अनुसार क्यान्सरविरुद्ध छानिएका ४२ गैर-अनुसूचित सूत्रहरूमा व्यापार मार्जिनको सीमा तोक्ने समावेश छ।

****** ० ******

**देश -चिकित्सा उपचार**

देशमा उपचार गराउन आउने विदेशी पर्यटकको संख्या बर्सेनि वृद्धि भईरहेको छ। सन् २०२० मा उपचारका लागि अस्पताल आउने विदेशी पर्यटकको सङ्ख्या एक सय ८३ रहेको थियो सन् २०२३ मा बढेर छ सय ३५ पुगेको छ। राज्यसभामा एक लिखित जवाफमा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा उपचार लिन चाहनेहरूका लागि मेडिकल भ्यालु ट्राभलको आधिकारिक पोर्टल शुरू गरेको छ। यो पोर्टलले भारतमा अन्तर्राष्ट्रिय चिकित्सा जानकारीलाई व्यवस्थित गर्न मद्दत गर्दछ।

****** ० ******

**दिल्ली हाई कोर्ट-महुवा मोइत्र**

दिल्ली हाई कोर्टले तृणमूल कंग्रेस सांसद महुआ मोइत्राविरूद्ध राष्ट्रिय महिला आयोगकी प्रमुख रेखा शर्माद्वारा दर्ता एफआईआरलाई रद्द गर्ने मागमाथि सुनवाई गर्दै दिल्ली पुलिसलाई नोटिस जारी गरेको छ। जस्टिस निना बन्सल कृष्णाले दिल्ली पुलिसलाई नोटिस जारी गर्ने आदेश दिइन्। यस मामिलाको अघिल्लो सुनवाई आगामी ६ नोभेम्बरमा हुनेछ।

****** ० ******

**सुनको गर-गहना-उधोग**

सुनको गर-गहना उद्योगले एक राष्ट्र, एक दर नीतिको माग गरेको छ जुन आगामी अगस्तदेखि पूर्वी भारतको लागि एकीकृत दरसितै शुरू हुनेछ। स्वर्ण शिल्प बचाऔं समितिका अध्यक्ष समर कृष्ण डेले यस आशयको जानकारी दिनुभएको छ।समर कृष्ण दे

ले बताएनुसार ए  ष्सबै हितधारकहरूले देशभरि नै एकीकृत सुनको दर हुनुपर्ने विचारप्रति रूचि देखाएका छन्।  अल इण्डिया जेम एण्ड ज्वैलरी डोमेस्टिक काउन्सिलका अध्यक्ष सैयम मेहराले ष्यसको उद्देश्य सबै हितधारकहरूको लागि एक समान मञ्च बनाउनु र अण्डरकटिंग रोक्नु हो भनि बताउनु भएको छ ।

****** ० ******

**सिबिआई – शिक्षक भर्ती**

केन्द्रीय अन्वेषण  ब्युरो (सिबिआई) ले पश्चिम बङ्गालका विभिन्न १५ वटा नगरपालिकाहरूमा १ हजार ८ सय १४ जना अवैध भर्ती भएको पत्ता लगाएको छ। सुत्र अनुसार , यी सबै भर्तीहरू सन् २०१४ देखि ए.बी.एस इन्फोजेन प्राइभेट लिमिटेड नामक आउटसोर्स एजेन्सी मार्फत गरिएको थियोए  जुन निजी प्रमोटर आयन सिलको स्वामित्वमा छ। अयान सिल पहिले नै करोडौं को स्कूलको लागि भ्रस्टाचारको  मामिलामा न्यायिक हिरासतमा  रहेको छ। सुत्र  अनुसार, राज्यका कुल १७ नगरपालिकाहरूलाई सीबीआई जाचको दायरामा राखिएको छ र केन्द्रीय एजेन्सीका अधिकारीहरूले १५ शहरी निकायहरूमा अवैध भर्तीको पहिचान गरेका छन्। उत्तर २४ परगना जिल्लामा पर्ने पानीहाटी र टाकी नगरपालिकाहरूमा सीबीआईले कुनै पनि अवैध भर्ती फेला पारेको छैन । सुत्र  अनुसार, सीबीआईले हालै कोलकाताको एक विशेष अदालतमा यस सम्बन्धी विवरण पेश गरेको छ । यी १५ नगरपालिकाहरु मध्ये दक्षिण दमदम  नगरपालिकामा सबैभन्दा अधिक  ३ सय २९ अनियमित भर्ना भएका छन् । उत्तर २४ परगना जिल्लामा पर्ने कमरहाटीए  बराहनगर र टिटागढ नगरपालिकाहरूमा अवैध भर्तीको संख्या अधिक रहेको बताइएको छ स

****** ० ******

पश्चिम बंगाल -विधानसभा

पश्चिम बंगाल विधानसभामा आज  भारतीय जनता पार्टीका विधायकहरू शहरी विकास मन्त्री एवं कोलकाताका मेयर फिरहाद हकिमलाई विधायक पदबाट बर्खास्त गर्ने माग गरेको छ सआज  विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीले स्थगन प्रस्ताव प्रस्तुत गर्दै कोलकाताका मेयर फिरहाद हकिमद्वारा एक सामुदायिक सभामा दिइएको हालैको बयानमाथि चर्चा गर्ने माग गरे जुन सभामा हकिमले गैर-मुसलमानहरूमाझ इस्लाम प्रचार गर्ने कुरा गरेका थिए। भाजपा नेता सुभेन्दु  अधिकारीले भन्नुभएको छ - मन्त्रीले भारतीय संविधानका प्रावधानहरू अनुसार शपथ लिएका छन्,  यसैले उनलाई अन्य समुदायका मानिसहरूलाई अपमान गर्ने कुनै अधिकार छैन ।

****** ० ******

**महिला एशिया कप टी-20 क्रिकेट- भारत फाइनलमा**

महिला एसिया कप टी–२० क्रिकेटमा भारत फाइनलमा प्रवेश गरेको छ । पहिलो सेमिफाइनलमा भारतले बंगलादेशलाई १० विकेटले पराजित गरेको  छ  । टस हारेर पहिले ब्याटिङ गरेको भारतले ११ ओभरमा बिना विकेट गुमाएर ८१ रन बनाएका थिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेका  बंगलादेशले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ८० रन मात्र बनाउन सक्यो । दोस्रो सेमिफाइनलमा आज साँझ ७ बजे श्रीलङ्का र पाकिस्तान माझ प्रतिस्पर्धा हुनेछ  । प्रतियोगिताको फाइनल म्याच  आइतबार हुनेछ ।

****** ० ******

**प्रज्ञा साझा मञ्च खर्साङ -भाषा मान्याता दिवस**

प्रज्ञा साझा मञ्च खर्साङ अनि बरिष्ठ नागरिक कल्याण समिति अम्बोटेका कार्यकारिणी सदस्यहरुसित सौजन्यमूलक भेटघाट कार्यक्रम  सम्पन्न भएको  छ स वरिष्ठ नागरिक कल्याण समितिका अध्यक्ष दीपक थापाको  अध्यक्षतामा पाँचघरे सार्वजनिक भवनमा सम्पन्न कार्यक्रममा  प्रज्ञा साझा मञ्च खर्साङका अध्यक्ष रमेश थापाए  सचिव उषाकिरण श्सत्यदर्शीश  ऋषि राई लगायत वरिष्ठ नागरिक कल्याण समितिका धैरै सदस्यहरू उपस्थित    थिए। ३१ अगस्त  १९९२ मा भारत सरकारले नेपाली भाषालाई पूर्ण रुपले संबैधानिक मान्यता दिएको एवम् राष्ट्रपतिद्वारा हस्ताक्षर गरेको दिन भएको कारण आगामी ३१ अगस्त को दिननै   नेपाली

भाषा मान्यता दिवस पालन गर्ने  निर्णय लिएको छ स  साहित्यए  सङ्गीत एवम् विविध कलाका कलाकारहरुलाई एकमुष्ठमा लिएर सन् २०२२ मा प्रज्ञा साझा मञ्च खर्साङ गठन गरिएको प्रज्ञा साझा मंचले  सन् २०२२ अनि २०२३ मा दुइ भाषा सङ्ग्रामी खरसाङ निवासी बुद्धिमान प्रधान (ब.म.प) अनि दार्जीलिङ निवासी धनसिँह मोक्तानलाई २० अगस्त भाषा मान्यता दिवसको अवसरमा भव्य सम्मान दिइसकेको छ यसबर्ष पनि भाषा औ विविध विधामा सक्रियतापूर्वक कार्य गर्ने व्यक्तिहरूको योगदानलाई कदर गर्दै ३१ अगस्तलाई लक्ष्य गरी मञ्चले भव्य रुपमा कार्यक्रम गर्ने निर्णय लिएको छ।

****** ० ******

**खर्सांग -कारगिल बिजय दिवस**

खरसाङ महकुमा अन्तर्गत घैयाबारीमा भूतपूर्व सैनिकहरूद्वारा गठित कारगिल एनजीओद्वारा कारगिल विजय दिवस पालन गरिएको जानकारी प्राप्त भएको छ। कार्यक्रमको अध्यक्षता कारगिल एनजीओका सभापति सुवाङ्ग सुब्बाले गर्नुभएको थियो भने प्रमुख अतिथिको रुपमा भूतपूर्व लेफ्टिनेन्ट जीवन सिंह गुरुङ अनि विशिष्ट अतिथिको रूपमा कारगिल युद्ध लडेका महानदी निवासी भूतपूर्व सुबेदार मेजर कृष्ण प्रधान उपस्थित  हुनुहुन्थ्यो। वक्ताहरूले कारगिल विजय दिवस साथै कारगिल युद्धमा भारतीय गोर्खा सेनाहरूको योगदान र शहीदहरू विषयमा प्रकाश पारेका थिए।

****** ० ******